# ‘काकालाई चिठी’ कविता सङ्ग्रहमा प्रयुक्त वैचारिकता

❋ तेजविलास अधिकारी

tejkamere@gmail.com

***अध्ययनसार***

*‘काकालाई चिठी’ (२०७८) कविता सङ्ग्रहभित्रका कविताहरूमा वैचारिकता खोज्नु यस लेखको मुख्य अभिप्रायः रहेको छ। कविता सङ्ग्रहभित्र नेपाली समाजमा देखिएका अनेकौँ समस्याको विषयमा प्रश्नको उठान र त्यहाँ अभिव्यक्त विचारको विश्लेषण गरिएको छ। विचारका माध्यमबाट निरन्तर-निरन्तर समाजका सबै तह र तप्काका मानिसहरूलाई जगाइ हिँड्ने कविका कविताले समस्याको समाधानार्थ विचार प्रक्षेपण गरेको छ। हाम्रो समाजमा देखिएका समस्याको समाधान हामी जनता स्वयम् जागे मात्र सम्भव हुन्छ। नेपाली समाजको समस्या मूलतः वर्गीय समस्या हो। यस कविता सङ्ग्रहमा वर्गीय असमानताका विरुद्धको आवाज बुलन्द बनाइएको छ। कविताहरूका प्रगतिवादी कोणबाट व्याख्या-विश्लेषण गर्दै निगमनात्मक विधिबाट विषयको विवेचना प्रस्तुत गरिएको छ। प्रस्तुत लेखमा समाजको समस्यामाथि उठाइएको प्रश्नको सवालमा राज्यलाई जिम्मेवार बनाउनु पर्ने तर्फ उल्लेख छ।*

**मुख्य शब्दावली**ः सर्वहारा, वर्ग विश्लेषण, वर्गीय मुक्ति, सामाजिक न्याय र दायित्वबोध।

## विषयपरिचय

शेखर अर्याल (२०२८, गुल्मी) नेपाली साहित्यको क्षेत्रमा तीन दशकदेखि सक्रिय नाम हो। समालोचना, कविता र बाल साहित्यको क्षेत्रमा निरन्तर लागिरहेका अर्यालका एकल, सह-लेखन गरी झण्डै दुई दर्जन पाठ्यपुस्तक र आधा दर्जन साहित्यिक कृतिहरू प्रकाशित रहेका छन्। कवि अर्याल श्रमप्रतिको सम्मान र शोषणप्रति औँला उठाउँछन्। प्रस्तुत लेखमा कवि अर्यालको ‘काकालाई चिठी’ कविता सङ्ग्रहभित्र प्रस्तुत कविताहरूले नेपाली समाजको यथार्थ र आदर्शको पक्षलाई खोज्ने र खोतल्ने प्रयास गरिएको छ। समाजमा रहेका वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिक विभेदले मानिसलाई मानिएको रूपमा बाँच्न दिएको छैन। समस्या समाधानार्थ अभियान चालेर सबै खालका समस्याको दिगो समाधान खोज्नु पर्नेमा कविको कलम अभिमुख भएको छ। समकालीन नेपाली समाजमा उत्पन्न जटिल समस्याको जरो राष्ट्रिय मात्र होइन भन्ने सङ्केत समेत कविताहरूमा उठाइएको छ। स्वतन्त्र, स्वाधीन र समुन्नत नेपालको परिकल्पना परिकल्पनामा मात्र सीमित हुने त होइन ? त्यसउपर गम्भीर दृष्टि दिँदै उत्पीडन मुक्त मानव समाज निर्माणको प्रयासमा जुट्नु पर्ने विचार सङ्ग्रहभित्रका कविताहरूले प्रस्तुत गरेको छ।

यस अध्ययनमा कवि शेखर अर्यालको कवितासङ्ग्रह ‘काकालाई चिठी’ भित्रका कविताहरूले अवलम्बन गरेको मार्क्सवादी चेतना र मान्यतालाई स्थापित गर्न खोजिएको छ। राज्य र राज्यका अङ्गहरूको दमन र उत्पीडनबाट दबाबमा रहेको आम समुदायको न्यायका निम्ति स्वर उठाइएको सन्दर्भ यस लेखको प्रमुख खोजीको विषय हो। प्रस्तुत लेखमा मार्क्सवादले उठाउने गरेको अन्याय, अत्याचार, सामाजिक उत्पीडन विरुद्ध प्रकट हुने प्रतिरोधी चेतना व्यक्त भएका कविताहरूलाई मात्र व्याख्या, विश्लेषणको आधार बनाइएको छ। कविता सङ्ग्रहभित्र श्रमप्रतिको सम्मान कसरी अभिव्यक्त भएको छ भन्ने मूल समस्यासँग सम्बन्धित भई समाधानार्थ यहाँ प्राज्ञिक अनुसन्धान गरिएको छ।

**❋ लेखक नेपाल संस्कृत विश्वविद्यालयमा कार्यरत हुनुहुन्छ।**

**सैद्धान्तिक पर्याधार**

नेपालमा एकातिर सामन्ती सोचको अन्त्य भएको छैन भने अर्कोतर्फ युवाको पलायन यात्रा तीव्र गतिमा छ। समकालीन समाजमा रहेको अज्ञानता र अनेकता नेपाली पछाडि पर्नुको मुख्य कारक हो। माओको विचारमा लेखक वा कलाकारको अडान वा प्रतिबद्धता भनेकै वर्गीय अडान हो। सर्वहारावर्ग र जनसमूहको अडानलाई नै लेखक र कलाकारले पनि अङ्गिकार गर्नुपर्दछ (भण्डारी, २०५५, पृ. २०)। माथिको सैद्धान्तिक पक्षलाई जोडेर हेर्दा निम्न वर्गको चेतना निर्माणका लागि रचिने साहित्यिक कृतिले समाजलाई जागृत गर्दै हक अधिकार प्राप्तिका निम्ति जगाउनु पर्दछ।

आजको सिर्जनामा प्रगतिशील चेत भएका साहित्यिक रचनाहरूको आधिपत्य रहेको छ। नेपाली समाजको परिवर्तनका निम्ति विगत समयदेखि नै वर्ग सङ्घर्षको विविध रूप देखापर्न थालेको हो। जनयुद्धको जगमा विकास भएको लोकतान्त्रिक आन्दोलनले जनतामा आशाको सञ्चार समेत गऱ्यो। समकालीन प्रगतिवादी कला साहित्यमा यथार्थको प्रतिविम्बन विभिन्न ढङ्गबाट भएको छ। सामन्ती, अभिजातवाद र बुर्जुवा आधुनिकतावाद एवम् उत्तरआधुनिकतावादका पर्दाहरू च्यातिएका छन् (ढकाल, २०६८, पृ. २९६)। कला सिर्जनाका सन्दर्भमा सौन्दर्य मूल्यको बोध गराउने मूल प्रक्रिया भनेको अन्तर्वस्तु र रूपका बिचको एकता हो। यस सैद्धान्तिक कोणबाट हेर्दा प्रगतिवादी स्रष्टाले आफूलाई सामान्य जनताको पक्षबाट विषयबोध गर्ने र समाजको चेतनास्तरलाई विकसित गर्न प्रेरित गर्ने काममा सिर्जनाको माध्यमबाट तल्लीन गराइ राख्नु पर्दछ। अन्य लेखहरूभन्दा प्रगतिवादी लेखकहरूको सामाजिक भूमिका सैद्धान्तिक लेपन मात्र नभएर व्यवहार प्रदर्शनको तहसम्म बलशाली रहेको हुन्छ। विचारधारा र कलाको क्षेत्रमा चल्ने क्रान्तिकारी सङ्घर्षलाई राजनैतिक सङ्घर्षको मातहतमा राख्नैपर्छ किनभने वर्ग र जनसमूहका आवश्यकताहरू राजनीतिमार्फत् मात्रै केन्द्रिकृत रूपमा अभिव्यक्त हुन सक्छन् (माओ, सन् १९४२, पृ. २२)। नेपालको प्रत्येक राजनीतिक परिवर्तनलाई आत्मसात् गर्ने र यसलाई कार्यान्वयनमा ल्याउने कार्यमा प्रगतिशील स्रष्टाहरू लेखकीय र साङ्गठनिक हिसाबले समेत क्रियाशील रहनु अत्यावश्यक छ। सामाजिक न्यायका निम्ति उठाइएका आवाज, समानता र उत्तरदायित्व बहन गर्ने राज्य व्यवस्थाको निर्माणमा लाग्ने स्रष्टा समाजको कमजोरीको रूपमा रहेको लैङ्गिक विभेद, अन्याय, अत्याचार, नारी विरोधी गतिविधि चरम अवसरवाद जस्ता विषय स्पष्ट हुन जरुरी रहेको छ। यही कोणबाट ‘काकालाई चिठी’ कृतिको विवेचना गरिएको छ।

**‘काकालाई चिठी’ कविता सङ्ग्रहमा वैचारिकता**

यस लेखमा ‘काकालाई चिठी’ कविता सङ्ग्रहको कविताहरूमा विचारको माथि प्रश्न उर्फ वैचारिकतालाई विविध कोणबाट व्याख्या विश्लेषण गरिएको छ। कवि शेखर अर्यालको ‘काकालाई चिठी’ कविता सङ्ग्रहमा पछिल्लो एक दशकभित्रका अधिकांश कविताहरू सङ्कलित गरिएको छ। मुलुकले गणतन्त्र प्राप्त गरेपछि पनि जनताको जीवनस्तरमा सुधार नआएको विषयले यस कविता सङ्ग्रहमा प्राथमिकता पाएको छ। यसरी हेर्दा नेपाली कविता यात्राको पछिल्लो प्राप्तिका रूपमा रहेको प्रगतिशील चेत र मान्यतालाई स्थापित गर्ने कोणबाट उनका कविताले नेपाली समाजको समस्याको रूपमा रहेको निम्न लिखित विषय क्षेत्रको विषय उठाएको देखिन्छ ;

क) सांस्कृतिक वैचारिकता
ख) सहिद तथा योद्धाको वैचारिकता
ग) राष्ट्रियतासँग जोडिएको वैचारिकता
घ) सामाजिक न्यायको वैचारिकता
ङ) आर्थिक विषयताको वैचारिकता
क) सांस्कृतिक विचारको वैचारिकता

यहाँ यिनै वैचारिकतालाई कवितामा प्रयुक्त सन्दर्भको विश्लेषण गरिएको छ।

**क) सांस्कृतिक वैचारिकता**

कवि शेखर अर्यालका कविताहरूमा सांस्कृतिक विषयसँग सम्बन्धित प्रश्न उठाइएको छ। शोषण कर्ममा जोडिएकाहरूप्रति शोषितले प्रश्न उठाउनु र उठाइरहनु अनि समाजमा परिवर्तन ल्याउनु सांस्कृतिक कर्म हो। समाजमा रहेको यथार्थ पक्षको अवगत गराउँदै शोषणको विपक्षमा जुझारु हुन सांस्कृतिक रूपान्तरण आवश्यक भएको बोध उनका कविताले उठाउँदै आएका छन्। सामूहिक स्वार्थ र लक्ष्यका निम्ति एकजुट भई अगाडि बढे मात्र सही स्थानमा पुग्न सकिन्छ भन्ने विचार उनले स्थापित गरेका छन्। सांस्कृतिक रूपान्तरण नभएसम्म हाम्रो समाजले कोल्टो फेर्न नसक्ने दृष्टान्त उनका कविताहरूमा प्रस्तुत भएका छन्;

अनि सांस्कृतिक रूपान्तरणमा
काँधमा काँध हातमा हात मिलाई
एकताको अभियानमा जुट्नु छ
अब यहाँ
क्रान्तिकारीका बिल्ला भिरेर होइन
प्रतिक्रान्तिलाई तहस नहस पार्दै
सही क्रान्तिको नेतृत्वमा
सर्वहारा वर्गको एकता कायम गर्नु छ। (अर्याल, २०७८, पृ. ११)

समाजमा रहेका वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक सबै प्रकारका विभेद, विसङ्गति, शोषण, उत्पीडनको अन्त्यको चाहना शेखर अर्यालका कविताको मूल स्वर हो (सुवेदी, २०७८ , पृ. ४)। यही आधारको खोजी गर्ने र मानिसको मानसपटल रहेको विभेदकारी भ्रुणहरूको अन्त्य गरी नवीन सोचका साथ सांस्कृतिक रूपान्तरण गर्नु आजको आवश्यकता भएको निष्कर्ष उनका कविताहरूले प्रस्तुत गरेका छन्।

झोलाभित्रको नुनतेल चिनी चले पनि
खुला हृदय चल्न सकेन
हलो कुटो कोदालो सजिए पनि
अछुत कहलिएको मन बिक्न सकेन
लहलह झुल्ने बाला भित्र्याइँदा
तिम्रो सँघारको बारले घचेटेर
फाटेको खुट्टाले टेक्न सकेन
मन्दिरमा बाजागाजाले स्वर दिए पनि
हाम्रो सङ्कल्प बिक्न सकेन। (अछुत, पृ. ४७)

समाजभित्र संस्कृतिको नाममा सदियौँदेखि जरा गाडेर बसेको दलित र गैरदलित समस्याले हाम्रो मानव सभ्यतामाथि नै गम्भीर प्रश्न उठाइरहेको छ। मान्छे-मान्छेका बिचमा हुने भेदभाव अक्षम्य छ। यो मानव सभ्यताको कलङ्क हो। यस्तो व्यवहार गर्न उक्साउने र यस्तो व्यवहार कायम गरिराख्ने राज्य व्यवस्थाको समूल नष्ट नगरी हुँदैन भन्ने आशयगत प्रस्तुति कवितामा रहेको छ। शेखर अर्यालका कवितामा जीवनयात्राको यावत चहऱ्याउने घाउले स्थान पाएको छ। समालोचक छायादत्त न्यौपाने भन्छन् ; राजनीतिक बेथिति र सामाजिक विभेद उखेल्ने सामर्थ्यले कविता शक्तिशाली हतियार बनेको पाइन्छ (अर्याल, २०७८, पृ. ८)। यस हिसाबले हेर्दा 'काकालाई चिठी' कविता सङ्ग्रहमा सांस्कृतिक पक्षको अमिल्दो पाटोलाई पन्छाएर न्यायपूर्ण पाटोलाई जोगाउन र सही बाटो निर्माण गर्न आह्वान गरिएको छ।

**ख) सहिद तथा योद्धाको वैचारिकता**

शेखरका कवितामा नेपाली जनताले जनाधिकार र राष्ट्रिय स्वाधीनताका लागि गरेको सङ्घर्ष, बलिदान र त्यसको प्राप्तिलाई सशक्त रूपमा चित्रण गरिएको छ (सुवेदी ,२०७८, पृ. ४) । समाजमा रहेका वर्गीय उत्पीडनका विरुद्ध लड्नेहरूले आफूलाई बलिवेदीमा चढाएका र योद्धाहरूको सङ्घर्षले नै गणतन्त्र प्राप्ति भएको दृष्टान्त कविताहरूमा अभिव्यक्ति भएका छन् ।

हामी एक योद्धा
हिँड्दा गर्जन्छौँ आफ्नै पथमा
खोल्न द्वार बुटका आवाज घन्कँदै
दिवास्वप्नका स्वरहरू सुकेर
टुट्दै जान्छन् क्षतविक्षतमा
जन्तिरले बाँधिएको भूमरीबाट
जन सर्वोच्चता कायम गर्छौं (एक योद्धा, पृ. ३२)

योद्धा सुत्दैन । राज्यलाई नियमित बनाउन लागि परिरहन्छ । ऊसँग एउटा सम्पन्न देश निर्माण गर्ने अभिभारा रहेको छ । नेपाल आमा योद्धाको सम्मानमा झुक्छिन् । अन्याय, अत्याचार र व्यभिचारबाट ग्रस्त देशलाई जिम्मेवार अभिभावकत्व ग्रहण गर्न सक्ने देश बनाउन योद्धाको भूमिका महत्त्वपूर्ण हुन्छ । कवि राज्यका अनेक दमनकारी नीतिविरुद्ध आवाज दिएर उठेको युवा दस्ताले हजारौँको सङ्ख्यामा बलिदानी दिएको सन्दर्भ उठाउँछन् ।

लाखौँ प्रयासमा
संसारलाई जित्न
तिमी सफल भए पनि
म र मेरो अस्तित्वमा
शस्त्रअस्त्र प्रहार गर्दै
शान्त सुरम्य तवरले
यातना खप्दै
जुर्मुराएको छु । (सङ्घर्ष, पृ. ६४)

विश्वमा एकछत्र शासन गर्न खोज्ने वित्तीय पुँजीवादका विरुद्ध आफ्नो अस्तित्व जोगाउन तल्लीन हुँदै लाग्नुको विकल्प रहेको छैन । आफ्नो देश र व्यक्तिको मौलिक हकमाथि प्रहार गर्नेहरूका विपक्षमा आवाज नउठाउने हो भने शक्तिशालीको मात्र अस्तित्व रहने विचार माथिका कवितामा वर्णित विषय हुन् ।

सदियौँ चम्कियो मेरो वीरत्व
साहस उत्साहको संरक्षणमा
सदा उर्लिरह्यो मेरो गर्व
सन्तानको त्याग तपस्या बलिदानमा
हुन्थ्यो पागल भएको भए उपचार
मृत्यु शैयामा भए सलाइन । (वीर योद्धा, पृ. ६८)

श्रमको सम्मान हुनुपर्छ । शोषणको अन्त्य हुनै पर्दछ । जीवनलाई अलि फरक ढङ्गले बुझ्न र व्यक्तिगत जीवनसँग राष्ट्रको प्राण जोड्न सके मात्र हाम्रो भौतिक मूल्यको पनि सम्मान हुने विचार कविताहरूले प्रस्तुत गरेका छन् ।

**ग) राष्ट्रियतासँग जोडिएको वैचारिकता**

कवि अर्यालको प्रस्तुत कविताका केन्द्रमा आमा, देश र राष्ट्रियता छ। कवि सपना र विपना दुवै अवस्थामा अर्थात् हर समय आफ्नो देशको स्वाधीनता, स्वाभिमान र प्रगतिका बारेमा सोचिरहन्छन्, चिन्तन र मननमा लाग्छन् (सुवेदी, २०७८, पृ. ३)। देशलाई बुहराष्ट्रिय कम्पनीको अधिनमा राख्ने र श्रम शोषणको चपेटामा परेका आम नागरिकलाई देखाएर अनेक खालका सहयोग अनुदान लिई नव धनाढ्य बन्नेहरूको देशलाई कमजोर तुल्याएको परिप्रेक्ष्य कविताहरूमा प्रतिध्वनित भएका छन् ;

सदा सदा किन तिमी ?
पछुताउँछौँ न्याउरी मार्दै
सत्ता सम्पत्ति सगरमाथा तिम्रो
गाड्दै मुटुमा बाण
मास्दै गयौँ सब दर्शन
खाऊ चपाऊ राष्ट्रिय नारा उचाली (राष्ट्रियता, पृ. २०)।

सत्तामा नपुगुन्जेलसम्म राष्ट्रियताको नारा घन्काउने तर सत्तामा पुगेपछि विदेशीको इशारामा काम गर्नेहरूप्रति कटाक्ष गरेका छन्। कवि नेपाललाई जोगाउन राष्ट्रिय उद्योग, कल-कारखाना सञ्चालन गर्नुपर्ने तर्क प्रस्तुत गर्दछन्। एउटै कुलमान घिसिङको नियुक्तिले देशलाई आशाको सञ्चार गराएको प्रति कविको शब्दले सम्मान व्यक्त गरेको देखिन्छ। यसैगरी कवि 'आह्वान' कवितामा आफूलाई राष्ट्रियताको पहरेदारको रूपमा स्थापित गर्दै आह्वान गर्न पुग्दछन् ;

जङ्ग अजङ्ग ज्ञानविज्ञान
हासिल जे गरे पनि
नौलो बिहानी खोज्ने गर
तहननहस पार्दै साम्राज्यका स्वर
निमिट्यान्न पार्न सदा
उचनिचका ती खाडल
बढ् अग्निज्वालाका ज्वाला भएर। (आह्वान, पृ. ३६)

राष्ट्रिय हितको निम्ति आम जनतामा मात्र होइन नेतृत्वमा राष्ट्रियताको भाव हराउन नहुने दृष्टिकोण यहाँ प्रस्तुत गरिएको छ। देशभित्रका नागरिकलाई प्रतिष्ठित बनाउने र अन्य देशको सहयोगभन्दा स्वदेशको ऊर्जालाई राम्ररी प्रयोग गर्न सकेमात्र राष्ट्रियता बलियो हुने सोच कविताहरूमा प्रस्तुत गरिएको छ।

**घ) सामाजिक न्यायको वैचारिकता**

समाजमा सामाजिक न्याय स्थापित भयो भने मात्र लोक कल्याणकारी राज्यको अवधारणा सार्थक हुन सक्दछ। वर्गीय समाजमा साहित्य र कलाले आ-आफ्नो वर्गहितलाई अभिव्यक्ति दिन्छन्। आधारभूत नीतिका मान्यताहरू अर्थात् मजदुर, किसान र सिपाहीहरूको सेवा गर्ने र त्यो सेवा कुन किसिमबाट गर्ने भन्ने समस्याहरूको एकपल्ट समाधान गरिसकेपछि जीवनको उज्यालो पक्षबारे लेख्ने कि अँध्यारो पक्षबारे लेख्ने भन्ने समस्या र एकताको समस्या जस्ता अरू समस्याहरूको पनि समाधान भइहाल्छ (माओ, मई १९४२, पृ. ७)। समाजको सत्ताधारी बौद्धिक शक्तिले आफ्नो बौद्धिकतालाई सामाजिक न्यायको पक्षमा लगाए मात्र समाज सही हिसाबले यात्रारत रहन पाउँछ। नेपाली समाजमा रहेको धार्मिक रुढिवादी मत र स्वरूपले समाजलाई न्यायको बाटो अवलम्बन गर्न दिएको छैन। नेपाली समाजमा रहेको दलित र गैर दलितसम्बन्धी धारणाले असहज स्थिति निर्माण गरेको र राज्यले सही हस्तक्षेप गर्न नसकेको तर्फ कवि अर्यालका कविताले स्पष्ट बोलेका छन्।

रगतको नाता टाढा नदेखी

लुकीछिपी यौवनमा रजाई हुन्छ
तर, खुला भावनाको तिरस्कार गर्दै
गरिबी थिचोमिचोमा पारी
हाम्रा आत्मा क्षतविक्षत बनाइन्छ
अब, अछुतको एकता बनाइ
आफू आफूमा सद्भाव जगाइन्छ
अनि, पुरुष महिला मात्र हुन
हाम्रा अटुट कदम चलाइन्छ। (अछुत, पृ. ४८)

समाजभित्र विविध समस्या रहेका छन्। मानवभित्र नै मानवताको सङ्केत हराएको छ। खोजी गर्न हामीले पाइला चाल्नु पर्दछ। समाजमा रहेको जातीय लैङ्गिक र वर्गीय विभेदले निम्त्याएको जटिल परिस्थितिले मानव सभ्यतालाई नै पछाडि धकेलेको अवस्था छ। यति मात्र नभएर हाम्रो सामाजिक विविधतालाई कमजोरीको रूपमा नभई शक्तिका रूपमा बुझेर मानवीय व्यवहारलाई बलियो बनाउन सक्नु पर्दछ। 'झोली' कवितामा कवि आफ्नो राज्यसत्ताप्रतिको आक्रोश यसरी पोख्छन् ;

खै, चारैतिरबाट
शिक्षा, स्वास्थ्य, रोजगारमा
कस्ता झोली थाप्न पुगेछन्
हुतिहारा भएर होला केवल
यत्रतत्र बालक, झोली थापेछन्
निर्लज्ज भएरै होला
विद्यालयले झोली थापेको
अहङ्कार पलाएरै होला
सडकपेटीमा झोली थापेका। (झोली, पृ. ५८)

सांस्कृतिक रूपमा हाम्रो देश जतिसुकै वीरगाथा रच्ने देश भए पनि झोली थापेर चलेको छ। प्रत्येक एकाइ मागेर चलाउने प्रवृत्तिले नेपालीलाई लज्जाको सर्वोच्च शिखर सगरमाथामा पुऱ्याइ दिएको छ। अर्को देशबाट मागेर चलाउने परम्पराले नेपालीलाई सामाजिक रूपमा समेत मगन्ते तुल्याएको छ। हाम्रो समाजभित्रको विकृति-विसङ्गति र त्यसको पीँधमा पिल्सिनु परेको आम जनमानसले नवीन संस्कृति निर्माणको पाटोमा कदम चाल्न ढिलो भएकोप्रति कविको आक्रोश अभिव्यक्त छ। देशको सामाजिक अवस्था र सांस्कृतिक विविधताको पाटोलाई मिलाएर सांस्कृतिक नीति र आर्थिक नीति नबनाए हाम्रो दन्त्यकथा परम्परामा बाँचेको 'वीरहरूको देश' दुर्घटित हुने निश्चित प्रायः छ।

**ङ) आर्थिक विषमता प्रतिको वैचारिकता**

मार्क्सका भनाइअनुसार आर्थिक पक्ष आधार हो र त्यसद्वारा विचारधारा संस्कृति जस्ता उपरीसंरचनाका रूपहरू निर्धारित हुन्छन्। आधार र उपरीसंरचनाका बिच द्वन्द्वात्मक सम्बन्ध रहेको हुन्छ। आधारको निर्णायक भूमिका रहन्छ, तर कैयौँ प्रसङ्गमा उपरीसंरचनाले पनि प्रमुख भूमिका खेल्दछ र आधारलाई प्रभावित पार्दछ (मोहन वैद्य 'किरण', २०७८, पृ. ७३) । वर्ग र परिचय विशिष्ट प्रकारका प्रवर्ग हुन्। वर्ग आर्थिक हैसियतमा आधारित हुन्छ। यस कोणबाट हेर्दा समाजभित्रको विषमताले समाजलाई वर्गीय भेदमा बाँडेको हुन्छ भन्ने स्पष्ट बुझिन्छ। समाजमा रहेको आर्थिक आधारको मापदण्डको आधारमा जाति, भाषा, धर्म र लिङ्ग जस्ता पक्ष उपचार वा रोगको रूपमा कायम रहन पुग्दछ। 'काकालाई चिठी' कविता सङ्ग्रहभित्र रहेका कविताहरूले आर्थिक विषमताविरुद्ध आवाज बुलन्द गरेको छ। 'आकाङ्क्षा' कवितामा कवि यसरी बोल्दछन् ;

बाँकी रहे अझै जनचाहना
अन्यायको विरोधमा
न्याय कदापि खोजिएन
गणितका खेलको ख्वाफमा
न्यायको साँचो नतमस्तक भएर
अदालतको ढोका खोल्दै खोलिएन। (आकाङ्क्षा, पृ. १६)

राज्यको अड्डा अदालत, न्याय निसाफ र बौद्धिक संस्था प्रायः क्रयविक्रयको हिसाबले चलेको आजको स्थितिमा पैसा वा आर्थिक हैसियत नै पदमा पुग्ने नपुग्ने निर्णायक तत्त्व बनेको छ। यसको तात्पर्य सक्नेले कानुन र न्याय प्रणाली किनिदिएपछि सामान्य जीवनयापन बिताउनेहरूले आँसुसँग गाँस निल्नुपर्ने अवस्था रहेको तथ्य कविताले अभिव्यक्त गर्दछ। झोली थाप्नेहरू शासन सत्तामा बस्नेहरू नै हुन् तथापि तन्नम वा गरिबको सूचीमा पर्ने र भोको पेट श्रम गर्नुपर्ने निम्नवर्ग बेइज्जतमा डामिएको छ। समाजमा आर्थिक हिसाबले पछाडि परेका जनतालाई राज्य के हो ? यो कस्तो हुन्छ ? कुनै अनुभूति छैन। समाजको कमजोर आर्थिक धरातल भएका व्यक्तिहरूको पक्षमा बोल्नु र न्यायको निमित्त सङ्घर्ष चलाउनु नै मुक्तिको यात्रा हो। यहाँ पैसा हुनेले नहुनेलाई प्रलोभनमा पार्ने मात्र होइन हुनेले जति र जसरी शोषण गरे पनि हुने स्थिति देखिएको छ। आर्थिक विषमताको विपक्षमा कवि बोल्न ढिलो गर्दैनन्। उनी भन्दछन्;

परिवर्तित ती क्रान्तिकारी टाउका
प्रजातान्त्रिक समाजवादी हुँदै
द्रव्यकै सभ्यतामा परिछाडे
रूपान्तरणकै आशामा रहने यो माटो
दल दलमा भासिँदा
ढाक्न बिर्सेर नाङ्गोपना
बजाउँदै डम्फू ढोङ फुक्न थाले। (अमूल्य टाउका !, पृ. ५६)

विधि विधान निर्माण गर्न पुगेका टाउकाहरू नै क्रयविक्रयमा पुगेपछि न्याय खोज्नु र आर्थिक समताको आशा राख्नु मृगतृष्णा जस्तो बन्न पुगेको छ। वर्गीय मुक्तिको प्रश्नमा मूल विषय अर्थतन्त्रको निर्माण र समान वितरण नै हो। जबसम्म सर्वहारा वर्गले सामाजिक न्यायका निम्ति लडाई लड्न सक्दैन तबसम्म आर्थिक विषमताको स्थिति देखिनै रहन्छ भन्ने निष्कर्ष कविताहरूमा अभिव्यञ्जित भएका छन्।

**निष्कर्ष**

'काकालाई चिठी' कविता सङ्ग्रह लगभग पछिल्लो एक दशकको सामाजिक जीवनको चित्रण गरेर लेखिएको साहित्यिक दस्तावेज हो। यस सङ्ग्रहभित्रका कवितालाई विविध कोणबाट हेर्दा यहाँ जनताको चासो र चिन्ताको विषय विशेष घनिभूत भएको देख्न सकिन्छ। कविता सङ्ग्रहभित्रको सबै कविताको पठन र साक्ष्यका रूपमा बढीभन्दा बढी विषय सान्दर्भिक कविता अंशलाई स्थान दिइएको छ। यस लेखमा कविले समाजभित्रको विकृति-विसङ्गतिको चित्र उतारेका छन्। वर्गीय पात्रको पीडाको खोजी गर्ने विषय र प्रस्तुत कविता सङ्ग्रहभित्रको सन्दर्भले समाजलाई ऊर्जा थपिदिएको छ। सबै खाले विभेद, अन्याय र अत्याचारको अन्त्यका निम्ति निरन्तर लागिरहन अभिप्रेरित गरिदिएको छ। पाठभित्र प्रयुक्त भाषा शैलीगत पक्ष पनि कमजोर छैन। मूलतः गद्य लेखन शैलीलाई महत्त्वपूर्ण स्थानमा राखेर विचार स्थापना गर्न विचारको बहसको थालनी हुन जरुरी छ। गहन अध्ययन चिन्तन-मननले मात्र समाजमा सदियौँ वर्षदेखि खात लागेर बसेको रुढि जालोलाई च्यातेर मिल्काउन सक्छ भने ऊर्जापूर्ण विचार कविता सङ्ग्रहको मूल वैचारिक प्रश्न हो। कविता सङ्ग्रहभित्र कवि निर्णय दिँदैनन् विषय उठान गर्दै परिपक्व विचार निर्माण गर्ने र पाठकको रुचि र उत्सुकतालाई उचालिदिने काम उनका कविताहरूले गरेका छन्। गद्य लयको प्रयोग, विचार निर्माणको प्रश्न र आशाको सञ्चार गर्न सक्ने प्रस्तुतीले 'काकालाई चिठी' कविता सङ्ग्रहलाई पठनीय

र सङ्ग्रहनीय तुल्याइ दिएको छ। कविता सङ्ग्रहभित्र प्रगतिशील समाजको निर्माणार्थ एकजुट हुनुको अर्को विकल्प केही नभएको सार विषय प्रस्तुत गरिएको छ।

**सन्दर्भ–सामग्री सूची**


अर्याल, शेखर.(२०७८) . *काकालाई चिठी* .काठमाडौँः अक्षरधाम प्रकाशन प्रा.लि. ।

'किरण' मोहन वैद्य.(२०७८) . 'मार्क्सवादी दृष्टिमा परिचय, नारीवाद र पर्यावरण'.*मार्क्सवादी सौन्दर्य चिन्तन* (सम्पा.). काठमाडौँः नेपाल प्रज्ञा प्रतिष्ठान ।

चापागाई, निनु (अनु).( ? ) . पार्टी सङ्गठन र पार्टी साहित्य, येनान गोष्ठीमा साहित्य र कलाबारे प्रवचन काठमाडौँ : सिर्जनशील प्रकाशन ।

ढकाल, घनश्याम. (२०६८) . 'नयाँ यथार्थ : कला साहित्य र सर्जकहरू' *प्रतिनिधि नेपाली समालोचना* (सम्पा.) .काठमाडौँः सिर्जनशील प्रकाशन प्रा.लि., पृ. २९६ ।

पौडेल, गोपीन्द्र र ज्ञवली, विष्णु.(२०७८). 'मार्क्सवादी सौन्दर्य चिन्तन' (सम्पा.).काठमाडौँः नेपाल प्रज्ञा प्रतिष्ठान ।

भण्डारी, जगदीशचन्द्र.(२०५५). *प्रगतिवादी नेपाली कविता : रेखाङ्कन र विश्लेषण* . काठमाडौँः मुन्नी भण्डारी ।

शर्मा, सुकुम .(२०७३). 'परिचयका सन्दर्भमा घनश्याम ढकाल'. काठमाडौँः घनश्याम ढकाल सांस्कृतिक ।

सुवेदी, धनप्रसाद .(२०७८). 'परिवर्तन, राष्ट्रियता र मुक्तिका कविता'. 'काकालाई चिठी', पृष्ठ ३ ।